पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

# पाटन अस्पताल

लगनखेल, ललितपुर, फोन नं.: ०१-५५२२२६६/५५२२२७८

## अस्पतालमा औषधि बिभागको लागि आवश्यक औषधि तथा औषधिजन्य सामानहरूको आपूर्ति सम्वन्धी सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०६९/१२/२८)

यस अस्पतालमा औषधि बिभागको लागि आवश्यक औषधि तथा औषधिजन्य सामानहरू बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले यसै सूचना तथा बोलपत्रमा उल्लेखित शर्तहरूको अधिनमा रही कार्य गर्ने गरी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनको दिनको ४:०० बजेभित्र यस अस्पतालमा नगद रु. १५,०००/- (फिर्ता नहुने) बुझाई बोलपत्र खरिद गर्न सकिनेछ । बोलपत्र फारम खरिद गर्न लिखित निबेदन साथ (क) आ.व. २०६९/०७० सम्मको लागि सो कामको लागि नवीकरण भएको दर्ता प्रमाणपत्र (ख) आयकर दर्ता प्रमाणपत्र (ग) मु. अ. कर दर्ता प्रमाणपत्र तथा (घ) २०६८/०६९ सम्मको कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपि संलग्न गरी प्रोप्राईटर स्वयं उपस्थित भई वा मञ्जुरीनामा सहितको प्रतिनिधि पठाई बोलपत्र फारम खरिद गर्न सकिनेछ । बोलपत्रमा उल्लेख भए अनुसारका अन्य कागजातहरू बोलपत्र निबेदन साथ बुझाउनु पर्नेछ ।

२. सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको (मिति २०७०/१/२७) ४:०० बजे भित्र अनिवार्य दर्ता गराईसक्नु पर्नेछ । म्याद भित्र आएका बोलपत्रहरू सोही दिनको भोलिपल्ट दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस अस्पतालमा खोलिनेछ । कारणबस बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्दा बिड बण्ड सुरक्षण वापत जम्मा रकम रु. १९,७७,१७०/- (अक्षरेपि उन्नाईस लाख सतहत्तर हजार एकसय सत्तरी) यस अस्पतालको लक्ष्मी बैंकमा रहेको चल्ती खाता नं. ००१८१०४०००००३८२ मा नगद जम्मा गरेको सक्कल भौचर वा अस्पतालको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी १२० दिन म्याद भएको बैंक ग्यारेण्टीको सक्कल प्रति वा नेपाल राष्ट्र बैंक ईजाजत प्राप्त 'क' वर्गका प्राप्त बाणिज्य बैंकले जारी गरेको जमानत पत्र (विड बण्ड) पेश गर्नुपर्नेछ ।

४. बोलपत्रदाताले आफूले कबोल गरेको प्रत्येक आईटमहरूको मु. अ. कर बाहेकको दररेटलाई अङ्क र अक्षर दुवैमा अनिवार्य रूपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन बिदा पर्न गएमा सो लगतै कार्यालय खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ । बुधबार र शनिबार यस अस्पतालको कार्यालय बन्द रहनेछ ।

६. बोलपत्रदाताले दररेट उल्लेख गर्दा केरमेट गरेको, टिपेक्स लगाएको ठाउँमा सहिछाप नगरेको, बोलपत्र फारमको फोटोकपि गरी पेश गरेको वा आफ्नो तर्फबाट कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन । आपूर्तिकर्ताले आफूले आपूर्ति गर्ने औषधिहरू उत्पादन गर्ने कम्पनीको नाम र ट्रेड नाम अनिवार्य रुपमा नाम उल्लेख गर्नु पर्नेछ । सोही अनुसार प्रत्येक औषधिको नमूना समेत छुट्टै सिलबन्दी गरी पेश गर्नु पर्नेछ ।

७. कुनै पनि बोलपत्र आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा निहित रहनेछ । म्याद नाघेको वा रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. यस सूचनामा छुट् हुन गएको अन्य कुराहरूको हकमा बोलपत्रमा उल्लेख भए अनुसार तथा पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६७ मा उल्लेख भए अनुसार हुनेछ ।

९. यस बारेमा अन्य जानकारी आवश्यक परेमा वा बुझ्नु परेमा www.pahs.edu.np तथा यस अस्पतालको औषधि बिभाग मार्फत सम्पर्क राखी बुझ्न सकिनेछ ।

Paper Advertisement to be published on Kantipur on Date: 2069/12/28_ Wednesday